# <u>वालवालिकाहरूलाई आधारभूत कम्प्युटर तालिम</u>

खोकना, प्रतिविदृन

**<u>प्रतिविदृन पेश गरिएको</u>**

जिल्ला समन्वय समितिको कार्यालय

मानभवन, ललितपुर

**<u>प्रतिविन पेश गर्ने संस्था</u>**

युवा जागरण समाज नेपाल

पुल्चोक, ललितपुर

# *आधारभूत कम्प्युटर शिक्षा तालिम*

## खोकना, ललितपुर

## प्रतिवेदन

**परिचय**

युवा जागरण समाज नेपालको आयोजना तथा ललितपुर जिल्ला समन्वय समितिको आर्थिक सहयोगमा ललितपुर जिल्लाको खोकनामा १० जना वालवालिकाहरुलाई *लक्षित गरी आधारभूत* ***कम्प्युटर तालिम*** कार्यक्रम सम्म सम्पन्न प्रतिवेदन तयार गरिएको छ ।

नेपाल विकासौन्मुख राष्ट्र हो । यहाँको शैक्षिक अवस्था सामान्य रुपमा ७० प्रतिशत भन्दा माथि साक्षर देखाएता पनि वास्तविक शैक्षिक अवस्था र गुणस्तर कम रहेको छ । यहाँको धेरै जसो वालवालिकाहरु अधिकार विहिर रहेको छ । आजको आधुनिक समाज सिप नै आजको आवश्यकता भएको हुनाले र बेरोजगारीहरुलाई सिप सिकाउनु पर्ने र क्षमता विकास गर्नु पर्ने भएको हुनाले यो कार्यक्रम सम्पन्न गरिएको हो । साथै स्थानिय विद्यालयहरुमा क्षमता विकास आवश्यक रहेको हुनाले यो कार्यक्रम संचालन गरिएको थियो । महिला, युवाहरु आफ्नो भविष्य निर्माण गर्नको लागी केही सिक्नुपर्ने अवस्था भएको समयसमा संक्रमणकालीन अवस्था भएको हुनाले त्यस्ता समुदायहरुलाई केही रुपमा भएता पनि सकारात्मक शिक्षा आर्जनको निमित्त उनीहरुमा वातारण तयार गर्नको लागी तथा आफुलाई आफ्नो क्षमता विकास गरी रोजगारीको अवसर सृजना गर्नको लागी जिल्ला समन्वय समिति ललितपुरको सहयोगमा तथा युवा जागरण समाज नेपालको आयोजनामा वालवालिकाहरुलाई लक्षित गरी आधारभूत कम्प्युटर तालिम संचालन गरि कार्यक्रम प्रतिवेदन तयार गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

- खोकनाका १० जना वालवालिकाहरुलाई कम्प्युटर शिक्षा तालिम दिएर सिप तथा क्षमता विकास गर्नु ।
- स्वरोजगार स्थापन गर्न सिप विकास गर्ने ।

**कार्यक्रम संचालन विधि**

कार्यक्रम संचालन गर्नको लागी संस्थाले सर्वप्रथम स्थानिय समुदायहरुसँग छलफल गरेको थियो । स्थानिय समुदायहरुको सरसल्लाह अनुसार पायक पर्ने स्थानमा कार्यक्रम संचालन गर्नको लागी

स्थान चयन गरिएको थियो । स्थानिय स्तरमा सहभागीहरुको व्यवस्थापन गर्न स्थानिय युवाहरुसँग सहकार्य गरिएको थियो । सहभागीहरुको छनौट गरि सके पश्चात विषयमा विज्ञ प्रशिक्षक मार्फत कक्षा संचालन गरिएको थियो । कक्षा संचालन प्रशिक्षकको सम्बन्धित विषयमा विज्ञलाई प्रशिक्षकको रुपमा व्यवस्थापन गरिएको थियो । प्रशिक्षकले फोटोकपी, व्हाइट बोर्ड, ब्राउन पेपर आदिको माध्यम मार्फत प्रशिक्षित गराएका थिए । वालवालिकाहरुमा कम्प्युटर सिपको आवश्यकता भएता पनि उनीहरुमा सिपको अभाव भएको हुनाले उक्त तालिम संचालन गरिएको थियो । कम्प्युटरमा समग्र रुपमा कम्प्युटरको प्रयोग, यसको महत्वको बारेमा जानकारी गराइएको थियो । तालिममा वर्ड, एक्सल, पावर प्वाइन्ट, नेपाली अंग्रेजी टाईपिङ, पेन्ट, र वडए र एक्सल भित्रका वर्ड सेटीङ, होम, इन्सर्ट, पेज ले आउट, रिफरेन्स, मेलिङ, रिभिउ र भिउ अर्न्तगत सबै चलाउने विधिहरुको बारेमा अभ्यास गर्दै तालिम दिइएको थियो । तालिममा डेस्कटप तथा ल्यापटप कम्प्युटरको प्रयोग गरेको थियो । उनीहरुलाई सहकारीमा आवश्यक पर्ने वेसिका तालिमको बारेमा जानकारी तथा प्रशिक्षित गराइएको थियो ।

**उपलब्धिहरु**

लक्षित स्थानिय समुदाय वालवालिकाहरु १० जनालाई तालिम मार्फत केही रुपमा भएता पनि क्षमता विकास भएको छ । स्थानिय वालवालिकाहरुलाई कम्प्युटर आधारभूत वेसिक तालिम शिक्षा दिन आवश्यक रहेकोले उनीहरुले केही रुपमा भएता पनि सिकेका छन् । साथै उनीहरुले आफ्नो क्षेत्रमा तथा अन्य क्षेत्रहरुमा गएर भएता पनि सम्बन्धित विषयको बारेमा संचालनमा प्रशिक्षकको रुपमा तालिम दिन वा शिक्षकको रुपमा काम गर्न सक्छन् । यसैगरी अप्रत्यक्ष रुपमा उनीहरुले परिवारमा, समाजमा अन्य महिला युवाहरुलाई पनि तालिम दिएर थप अरुलाई क्षमताको विकास गर्न सक्नेछ । यसले स्थानिय सम्बन्धित निकायहरुमा थप सहयोग पुग्नेछ । यसको अलवा उनीहरुले यसलाई निरन्तरता दिंदै अभ्यास गर्दै जाँदा उनीहरु आफैले परियोजना वा आफ्नो काम कम्प्युटर माध्यमबाट गर्न सक्ने भएका छन् ।

**चुनौतीहरु**

अहिलेको समय वर्षाको समय भएको कारण कार्यक्रम व्यवस्थापन गर्न निकै नै अप्ठेरो परेको थियो । यसो हुनाको कारण ललितपुर जिल्ला समन्वय समितिले दिने कार्यक्रमहरु माघ महिना भित्रमा संझौता गरेको भए हतारमा काम गर्नुपर्ने थिएन । वर्षाको समय भएको र गाडी जान आउन पनि

समस्या भएको कारण निकै नै व्यवस्थापन गर्न गाह्रो भएको थियो । यसको साथै निकै खर्च पनि भएको हुनाले दिएको रकमले व्यवस्थापन गर्नै गाह्रो भएको थियो ।

**सुझावहरु**

- जिल्ला विकास समितिको कार्यक्रमहरु आगामी दिनहरुमा कम्तिमा माघ महिनामा संझौता गर्ने किसिमले सम्पन्न गर्नु पर्ने ।
- स्थानिय समुदायहरुको समयलाई ख्याल गरेर कार्यक्रम समय तालिका तयार गर्नुपर्ने ।
- लक्षित समुदायहरुलाई उनीहरुको स्थानिय आवश्यकतालाई ध्यानमा राखेर कार्यक्रमहरु तयार गर्नुपर्ने ।
- यातायात, खाजा खर्चमा आर्थिक व्यवस्थापन गर्नुपर्ने तथा वृद्धि गर्नुपर्ने

**निष्कर्ष**

जिल्ला समन्वय समिति ललितपुरको आर्थिक सहयोगमा, युवा जागरण समाज नेपालको आयोजनामा वालवालिकाहरुमा आधारभुत कम्प्युटर तालिम संचालन गरिएको र उनीहरुले केही रुपमा भएता पनि सिप तथा क्षमता विकास भएको हुनाले यो कार्यक्रम सफल भएको थियो । यस तालिम पश्चात स्थानिय लक्षित समुदायहरुमा गुणात्मक रुपमा क्षमता तथा सिपमा परिबर्तन आउनेछ । यसलाई सकारात्मक रुपमा लिन सकिनेछ ।